# ज्ञापनपत्र

प्रापक: शिक्षा सभापति, सरोकारवाला, भर्मन्टमा सुपरिटेन्डेन्ट, प्रिन्सिपल र स्कुल बोर्डहरू

प्रेषक: सेक्रेटरी Bouchey

SUBJECT: सन् 2023 को ऐन 29, दफा 4 बमोजिम जारी गरिएको सरोकारवाला प्रक्रिया नीति र नमुना नीतिका नतिजाहरू

मिति: November 7, 2023

## पृष्ठभूमि

स्कुलको सुरक्षा सम्बन्धी ऐन रहेको सन् 2023 को ऐन 29, दफा 4 बमोजिम शिक्षा एजेन्सी (Agency of Education, AOE) ले सरोकारवाला समूहहरूसँगको परामर्शमा व्यवहारजन्य खतरा मूल्याङ्कन टोलीहरूको प्रयोगको सम्बन्धमा नमुना नीति र कार्यविधि विकास गर्न आवश्यक थियो। सेप्टेम्बर र अक्टोबरका छ हप्तामा एजेन्सीले राज्यभरिका स्कुलहरूमा व्यवहारजन्य खतरा मूल्याङ्कन टोली (BTAT) हरूको प्रयोगका बारेमा छलफल गर्न विभिन्न सरोकारवालाहरूसँगको पाँचवटा छुट्टाछुट्टै बैठकहरूको सहजीकरण गरेको थियो।

## उद्देश्य

पाँचवटा बैठकहरूको क्रममा एजेन्सीले समूहका छलफलहरूलाई मार्गनिर्देशित गर्नमा मद्दत गर्न विभिन्न प्रस्तुतकर्ताहरुका कुराहरू सुनेको थियो। प्रस्तुतकर्ताहरूमा स्कुल सुरक्षा तथा BTAT विशेषज्ञ र K-12 शिक्षा, देवानी अधिकार र स्कुलहरूमा नमुना नीतिहरू तयार गरेर कार्यान्वयनमा विशेषज्ञता भएका सरोकारवालाहरू हुनुहुन्थ्यो।

समूहको उद्देश्य भनेको BTAT हरूसँग जोडिएका जोखिम र चुनौतीहरूमा संवादलाई प्रोत्साहित गर्नु रहेको थियो। यी छलफलहरूले कानुनको कार्यक्षेत्र तथा असल अभ्यासप्रति सचेत रहँदै स्कुल प्रणालीहरू (अर्थात्, पर्यवेक्षी युनियन/स्कुल डिस्ट्रिक्ट [SU/SD हरू] र स्वतन्त्र स्कुलहरूको BTAT हरूको प्रयोगलाई नियमन गर्ने मजबुत नमुना नीति तयार गर्नमा एजेन्सीलाई मद्दत गरेका थिए। समूहको विशेषगरी ऐतिहासिक रूपमा सीमान्तकृत विद्यार्थीहरूसहित सबै विद्यार्थीहरूले आफ्नो शिक्षामा पहुँच बनाउँदा सुरक्षित, स्वागत र सम्मान गरिएको महसुस गर्छन् भनेर सुनिश्चित गर्ने साझा लक्ष्य र प्रतिबद्धता रहेको थियो।

### सरोकारवाला समूह

- शिक्षा एजेन्सी (Agency of Education) – Ted Fisher, Lindsey Hedges, Jill Briggs Campbell, Emily Simmons
- हिंसाको रोकथाम (Violence Prevention) का निर्देशक – Dee Barbic
- भर्मन्ट स्कुल सुरक्षा केन्द्र (Vermont School Safety Center) – Sunni Erikson, Rob Evans
- राज्य शिक्षा बोर्ड (State Board of Education) – Richard Werner

- मानव अधिकार आयोग (Human Rights Commission) – Amanda Garces
- जातीय समताको कार्यालय (Office of Racial Equity) – Jay Greene, Xusana Davis
- डिफेन्डर जनरल (जुभेनाइल) को कार्यालय (Office of the Defender General (Juvenile)) – Marshall Pahl
- भर्मन्टका प्रिन्सिपलहरूको संघ (Vermont Principals Association) – Jay Nichols
- भर्मन्टका सुपरिटेन्डेन्टहरूको संघ (Vermont Superintendents Association) – Jeff Francis
- भर्मन्टका स्कुल बोर्डहरूको संघ (Vermont School Boards Association) – Sue Ceglowski, Cara Zimmerman
- भर्मन्टका शिक्षकहरूको राष्ट्रिय संघ (Vermont National Educators Association) – Donald Tinney
- भर्मन्टका स्कुल बोर्डहरूको बीमा ट्रस्ट (Vermont School Boards Insurance Trust) – Jonathan Steiner, David Pickel
- भर्मन्ट लिगल एड (Vermont Legal Aid) – Barb Prine
- भर्मन्टका स्वतन्त्र स्कुलहरूको संघ (Vermont Independent School Association) – Drew Gradinger
- रूटल्याण्ड NAACP (Rutland NAACP) – Mia Schultz
- गेडाकिना (Gedakina) – Judy Dow
- भर्मन्टका शिक्षकहरू – Brooke Olsen Farrel, David Manning, Henri Sparks, Theresa Giallorenzo, Becca McCray, Kate Paxton

## नमुना नीतिको सारांश

यसले नीतिले विद्यार्थी र कर्मचारीहरूका लागि सुरक्षित तथा विश्वासयुक्त सिकाइ वातावरण निर्माण गर्ने लक्ष्य राखेको छ। यसले स्कुल, क्याम्पस वा कार्यस्थललाई सम्भावित खतरा हुन सक्ने व्यवहारहरूको मूल्याङ्कन गरेर व्यवस्थापन गर्ने कार्यक्रम स्थापित गर्छ। लक्ष्य भनेको सबैका लागि सुरक्षा, सम्मान र भावनात्मक सहायता सुनिश्चित गर्नु हो।

पूर्वाग्रहबाट बच्नका लागि मूल्याङ्कन व्यक्तिको व्यक्तिगत विशेषताहरूमा नभएर व्यक्तिको व्यवहारमा आधारित हुन्छ। विशेषगरी डाटाले ऐतिहासिक रूपमा सीमान्तकृत विद्यार्थीहरूले असमान नकारात्मक परिणामहरू सामना गर्ने देखाएकोले नीतिले पूर्वाग्रहलाई प्रतिरोध गर्नुपर्ने कार्यको महत्त्वलाई स्वीकार गर्छ।

नीतिले खतराको मूल्याङ्कन विद्यार्थीहरूलाई फौजदारी न्याय प्रणालीमा पठाउने नभएर विद्यार्थीले उनलाई आवश्यक पर्ने सहायता प्राप्त गरिरहेका छन् भनेर सुनिश्चित गर्नका स्रोतसाधनहरू उपलब्ध गराउनु हो भनेर स्पष्ट पार्छ। स्कुल समुदायलाई सुरक्षित राख्न आवश्यक नपर्दासम्म यसले गर्दा निलम्बन वा निष्कासन हुने छैन। विद्यार्थीहरूलाई निकाल्दा हिंसामा तत्कालै वा ढिलो प्रतिकार्यहरू जोखिम हुन सक्छन्, त्यसैले सहायता आवश्यक पर्छ। विद्यार्थीलाई निकाल्नका लागि सिफारिस गरिँदा यसलाई कानुनअनुसार गरिनेछ।

नीतिले खतरा मूल्याङ्कन टोलीको स्थापनाका बारेमा संक्षिप्तमा जानकारी उपलब्ध गराउँछ। टोलीका सदस्यहरूमा परामर्श, कानुन कार्यान्वयन र स्कुल प्रशासनजस्ता विभिन्न विशेषज्ञ क्षेत्रहरूका सदस्यहरू रहन्छन्। टोलीले सामान्यीकरणभन्दा पनि तथ्यहरू प्रयोग गरेर सम्भावित खतरनाक व्यवहारको मूल्याङ्कन गरेर व्यवस्थापन गर्छ। सबैका लागि सुरक्षित र सहयोगपूर्ण वातावरण निर्माण गर्नमा ध्यान केन्द्रित गरिएको छ। टोलीसँग विद्यार्थीलाई स्कुलबाट निकाल्ने अधिकार हुँदैन। विद्यार्थीलाई स्कुलबाट निकाल्ने निर्णय सुपरिटेन्डेन्ट वा प्रिन्सिपलद्वारा स्कुलका नीतिहरूअनुसार गरिन्छ। विशेष शिक्षा वा दफा 504 का विद्यार्थीहरू संलग्न मामिलाहरूमा टोलीले विद्यार्थीको व्यक्तिकृत शिक्षा योजना (IEP) वा 504 टोलीसँग समन्वय गर्छ।

नीतिले टोलीका सदस्यहरूलाई गोपनीयता कानुनहरूबमोजिम आवश्यक परेअनुसार विद्यार्थीका रेकर्डहरूमा पहुँच बनाउन अनुमति प्रदान गर्छ। खतराको मूल्याङ्कनको क्रममा तयार गरिएका रेकर्डहरूलाई विद्यार्थीको स्थायी शैक्षिक रेकर्डमा समावेश गरिने छैन। खतरा नभेटाइएको खण्डमा टोलीलाई त्यसको लिखित जानकारी राख्न प्रोत्साहित गरिन्छ।

सुपरिटेन्डेन्टले खतरा मूल्याङ्कन कार्यक्रमसँग सम्बन्धित डाटा सङ्कलन र रिपोर्ट गर्नका लागि कार्यविधिहरू तय गर्नु हुने छ। यस डाटामा टोली, मूल्याङ्कन तथा समीक्षाहरूको सङ्ख्या, विद्यार्थीको विवरण र मूल्याङ्कनका नतिजाहरूका बारेका जानकारी समावेश हुने छ। डाटा सङ्कलन र रिपोर्टिङ कार्यविधिहरू को लक्ष्य भनेको प्रक्रियामा पारदर्शिता कायम राख्नु र निष्पक्षता सुनिश्चित गर्नु हो।

## सरोकारवाला प्रक्रिया नीतिका विषयहरू

निम्न विषयहरूलाई सरोकारवालाहरूद्वारा पहिचान गरिएको थियो र तिनीहरूलाई नमुना नीतिद्वारा सम्बोधन गरिएको छ:

**प्रशिक्षण**: खाली बक्समा ठिक चिन्ह लगाउने मात्र नगरेर शिक्षकहरूले आफूलाई आवश्यक पर्ने सीपहरू प्राप्त गर्छन् भनेर सुनिश्चित गर्दै चलिरहेको र अर्थपूर्ण प्रशिक्षणमा प्रकाश पारिएको थियो। BTAT टोलीमा प्रत्यक्ष रूपमा संग्लनमा भएकाहरूले मात्र नभएर स्कुल समुदाय भित्रका सबैजनाले प्रक्रियालाई कसरी बुझ्छन् भनेर सुनिश्चित गर्ने बारेमा पनि छलफल गरिएको थियो।

**BTAT प्रक्रियाको एकीकरण**: BTAT प्रक्रिया मौजुदा विद्यार्थी सहायताहरूको पूरक हुनुपर्छ, नकि त्यसलाई दोहोराउने वा प्रतिस्थापित गर्ने हुनुपर्छ र प्रत्येक विद्यार्थीका विशिष्ट आवश्यकताहरूलाई पूरा गर्नका लागि स्थिति अनुरूप समायोजन गर्न सकिने खालको हुनुपर्छ।

**BTAT को रेकर्ड व्यवस्थापन**: BTAT प्रक्रियाहरूको परिणामस्वरूप विद्यार्थीका रेकर्डहरू तयार गरेर विशेषगरी प्रक्रिया प्रारम्भिक मूल्याङ्कनको चरणभन्दा अगाडि नबढेको अवस्थामा बाल न्याय प्रणाली जस्ता अन्य सन्दर्भहरूमा दुरुपयोग वा गलत व्याख्या हुनेगरी प्रयोग गरिनुहुन्न भनेर चिन्ताहरू व्यक्त गरिएका थिए।

**गोपनीयता**: सरोकारवालाहरूले रेकर्डहरू तथा जानकारी सही तरिकामा व्यवस्थापन गरिएका छन् र खतरा नभेटाइएका रिपोर्टहरूलाई हटाउन सकिने तरिका छ भनेर सुनिश्चित गर्न चाहन्थे।

**कानुन कार्यान्वयन**: सरोकारवालाहरूले स्कुल स्रोत अधिकारी (SRO) हरूको ऐतिहासिक रूपमा सीमान्तकृत विद्यार्थीहरूमा असमान प्रभाव पर्ने सक्ने होकि भनेर चिन्ता व्यक्त गरेका थिए। SRO हरू कहिले संलग्न हुनुपर्छ र उनीहरूलाई संलग्न गर्नुपर्छ कि पर्दैन भनेर स्पष्ट पार्नमा जोड दिइनुका साथसाथै प्रहरीसँग समझदारीपत्र संलग्न हुँदाका लागि निश्चित नियमहरू तय गरिएको थियो।

**अनुशासनात्मक कार्यवाही**: सरोकारवालाहरूले BTAT को कारण गर्दा अनुशासनात्मक कार्यवाही हुन सक्नेछ भनेर चिन्ता व्यक्त गरेका थिए र मौजुदा BTAT को हिस्सा रहेका विद्यार्थीहरूले आफूलाई अधिकार भएको शिक्षा प्राप्त गर्न जारी राख्छन् भनेर सुनिश्चित गर्न चाहन्थे।

## आगामी मार्गनिर्देशन, प्रशिक्षण र प्राविधिक सहायता

स्कुल प्रणालीहरूले जुलाई 2025 सम्म आफ्नो BTAT स्थापित गर्न आवश्यक छैन। यस अन्तरिम समयमा एजेन्सीले जनसुरक्षा विभाग (Department of Public Safety) सँगको परामर्शमा माथि उल्लेखित असल अभ्यास र

प्रशिक्षणसँग सम्बन्धित मार्गनिर्देशन विकास गरेर अद्यावधिक गराउने छ। ऐन 29 अनुसार AOE ले सरोकारवाला संग्लनता प्रक्रियाको बेला उठाइएका चिन्ताका कुराहरूलाई ध्यानमा राख्दै यी क्रियाकलापहरूको अगुवाइ गर्ने छ।

यसका अतिरिक्त, ऐन 29 ले एजेन्सीद्वारा डिसेम्बरमा जारी गरिएको अन्तिम नमुना नीतिअनुसार हालको BTAT ले आफ्ना कार्यविधिहरूलाई अनिवार्य रूपमा अद्यावधिक गराउनुपर्छ भनेर पहिचान गरेको छ। यसबाट BTAT का वर्तमान प्रयोगकर्ताहरूले आफ्नो टोलीहरूलाई 2024-2025 को शैक्षिक वर्षका लागि असल अभ्यासहरू अनुरूप बनाउन पाउने छन्।

ऐन 29 को दफा 4 ले BTAT का सदस्यहरू असल अभ्यासहरू र पूर्वाग्रह पहिचान गरेर हटाउनमा प्रशिक्षित छन् भनेर सुनिश्चित गर्नका वार्षिक प्रशिक्षण तोकेको छ। यी प्रशिक्षणहरूमा निम्न पर्दछन्:

- अनुशासनात्मक कार्यवाही नियमन गर्ने नियमहरू (CVR 22-000-009)
- प्रकटीकरण निर्धारण समीक्षा प्रक्रियाको उद्देश्य, प्रयोग र सही कार्यान्वयन
- सन् 1973 को पुनर्स्थापना ऐनको दफा 504
- सन् 1990 को अपाङ्ग्ता भएका अमेरिकीहरूसम्बन्धी ऐन
- स्कुलबाट बाहिर राख्दा हुने नकारात्मक परिणामहरू
- मस्तिष्कको विकासमा हुने मानसिक आघातको प्रभाव
- आफ्नो निर्दिष्ट स्कुल प्रणालीमा BTAT का कार्यहरू पूरा गर्नमा समूह पूर्वाग्रह प्रशिक्षण

यो शैक्षिक वर्ष (2023-2024) बाट सुरु हुनेगरी एजेन्सीले हाल BTAT प्रयोग गरिरहेका स्कुल प्रणालीहरूबाट डाटा सङ्कलन गर्न सुरु गरेको छ। थप स्कुल प्रणालीहरूले आफ्ना टोलीहरू कार्यान्वयन गर्न सुरु गरेपछि डेटा सङ्कलन राज्यभरि बढ्ने छ। यस डाटाबाट एजेन्सीले प्रवृतिहरूको मूल्याङ्कन गर्न पाउनेछन् र आवश्यकताअनुसार मार्गनिर्देशन तथा प्रशिक्षणका लागि थप अपडेटहरू उपलब्ध हुने छन्।

एजेन्सीले यो महत्त्वपूर्ण प्रक्रियालाई अझ राम्रो बनाउन र अगाडि बढाउनमा आफ्नो समय तथा विशेषज्ञता प्रदान गर्नुहुने हाम्रा सम्मानित साझेदारहरूको योगदानहरूको कदर गर्छ। हामी BTAT प्रक्रियालाई राज्यभरि फैलाउने कार्य गरिरहँदा हामी मौजुदा संलग्नतालाई जारी राख्नमा प्रतिबद्ध छौँ।